# आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरको आवाजका लागि जनमत संग्रह

चाँडै नै अष्ट्रेलियाका मतदाताहरूलाई जनमत संग्रहमा मतदान गर्नु पर्ने हुन्छ। जनमत संग्रहमा संविधानमा संसदमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरको आवाज हुनुपर्दछ कि पर्दैन भनेर सोध्नेछ। संसद अष्ट्रेलियाको लागि कानून बनाउने निकाय हो।

## संसदमा आदिवासी आवाज भनेको के हो?

यो आवाज भनेको आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई उनीहरूलाई प्रभाव पार्ने कानूनहरूको बारेमा सरकारलाई सल्लाह दिने एक तरिका हो। संविधानमा सो आवाज लेख्नुको अर्थ आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई प्रभाव पार्ने मुद्दाहरूमा सरकारलाई सल्लाह प्रदान गर्न उक्त आवाजको स्थायी भूमिका हुनेछ। संसदमा यो आवाज आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई संवैधानिक रूपमा मान्यता प्राप्त गर्ने र उनीहरूको संस्कृतिलाई मान्यता दिने र मनाउने अवसर हुनेछ।

## आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरू किन संसदमा आवाज मागिरहेका छन्?

आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरु ले लगभग 100 वर्षदेखि सरकारद्वारा मान्यता दिनु पर्ने आग्रह गर्दै आएका छन्। आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले उनीहरूको समुदाय र संस्कृति राम्रोसँग बुझेका छन्। उनीहरूलाई उनीहरूको समुदायले सामना गरिरहेका चुनौतीहरूको सामना गर्ने उत्तम समाधानहरू थाहा छ जसले आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूका लागि अझ निष्पक्ष, अधिक न्यायसंगत अनुभव सिर्जना गराउन सक्छ।

## संसदमा आदिवासी आवाजको प्रतिनिधित्व कसले गर्ने?

आदिवासी आवाजले आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूको जीवनलाई प्रभाव पार्ने मामिलाहरूको बारेमा दिइएका सल्लाहहरूलाई सुन्नेछ, ताकि सरकारले आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई प्रभाव पार्ने राम्रो निर्णय लिन सकोस्।

## संसदमा आदिवासी आवाजको प्रतिनिधित्व कसले गर्ने?

आदिवासी आवाज दुर्गम क्षेत्रलगायत प्रत्येक राज्य र क्षेत्रका आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूको एक समूह हुनेछ। जनप्रतिनिधिहरूलाई आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले आफ्नो स्थानीय क्षेत्रमा छनोट गर्नेछन्।

## के आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूसँग संसदमा आदिवासी आवाजको बारेमा परामर्श गरिएको छ?

हजारौं आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले आवाज किन आवश्यक छ र यसले धेरै वर्षसम्म कसरी काम गर्नुपर्छ भनेर सल्लाह दिएका छन्। 80% भन्दा बढी आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले संसदमा आवाज हुनुलाई समर्थन गर्छन्।

## कानुनी विशेषज्ञहरू के भन्छन्?

संघीय सरकारको प्रतिनिधित्व गर्ने लगायतका संवैधानिक वकिलहरूले आदिवासी आवाज कानुनी रूपमा उत्तम छ र यसले हाम्रो सरकारको प्रणालीलाई अझ राम्रो बनाउनेछ भनेका छन्।

## के आदिवासी आवाजले कानून बनाउन सक्छ?

सक्दैन। आदिवासी आवाजसँग कानून बनाउने अधिकार हुनेछैन। यसले केवल आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई प्रभाव पार्ने मामिलाहरूमा सल्लाह प्रदान गर्नेछ।

## आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डरको आवाज जनमत संग्रहमा के प्रश्न सोधिनेछ?

"एक प्रस्तावित कानून: आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर आवाज स्थापना गरेर अष्ट्रेलियाका आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई मान्यता दिन संविधानमा परिवर्तन गर्ने। के तपाईं यो प्रस्तावित परिवर्तनलाई अनुमोदन गर्नुहुन्छ?"

## जनमतसंग्रहमा मैले कसरी मतदान गर्ने?

जनमतसंग्रह भनेको चुनावजस्तै हो। तपाईंलाई माथिको प्रश्न भएको मतपत्र दिइनेछ र तपाईंले आफ्नो मत गणनाको लागि अंग्रेजीमा 'YES' (हुन्छ) वा 'NO' (हुँदैन) लेख्नुपर्नेछ। यदि तपाईं 'YES' लेख्नुहुन्छ भने यसको मतलब तपाईं आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरुसँग उनीहरूलाई प्रत्यक्ष प्रभाव पार्ने मामिलाहरूमा आवाज पाउनु पर्छ भनेर सहमत हुनुहुन्छ।



अधिकृत गरिएको Tabatha Feher, Life Without Barriers, L6, 107 Pitt St, Sydney, NSW.

## यदि बहुमतले ' YES'(हुन्छ) मा मतदान गऱ्यो भने के हुन्छ??

यदि बहुमतले आदिवासी आवाजको लागि ' YES ' भोट दियो भने, सरकारले त्यसपछि आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूसँग संरचनालाई अन्तिम रूप दिन र आवाज स्थापना गर्न सान्दर्भिक कानूनहरू पारित गर्नका लागि परामर्श गर्नेछ।

## यदि बहुमतले NO (हुँदैन) मा मतदान गऱ्यो भने के हुन्छ??

यदि अधिकांश मानिसहरूले 'NO' भनेर मतदान गरे भने, केही पनि परिवर्तन हुने छैन। आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले सामना गर्ने समस्याहरू जारी रहनेछ। 'NO' भोट गर्नुको अर्थ तपाईंले आदिवासी आवाजलाई ' होइन ' मा भोट दिनु हो। यस जनमत संग्रहमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डर जनतालाई समर्थन गर्नुको अरू विकल्प छैन।

## मैले थप जानकारी कहाँ पाउन सक्छु?

**थप जानकारी**

www.lwb.org.au



अधिकृत गरिएको Tabatha Feher, Life Without Barriers, L6, 107 Pitt St, Sydney, NSW.